नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## मुअब्जाको माग गर्दै मंगलबार पनि धर्ना

**मधेशदृष्टि**
**वीरगंज।**
मुआब्जा माग गर्दै वीरगंज–२५ श्रीसियावासीले श्रीसिया सुक्खा बन्दरगाहको मुलगेटमा आज पनि धर्ना दिइरहेका छन् । सुख्खा बन्दरगाह निर्माणकोक्रममा सरकारले अधिग्रहण गरेका करिब १०० जनाको घर जग्गा, त्यसैगरि अस्पताल, स्कूल लगायतको स्ववासी जग्गाको मुआब्जा सरकारले अहिलेसम्म नदिएको भन्दै पीडित पक्ष अनिश्चित कालिन धर्नामा उत्रिएका हुन्।
सरकारले संरचनाको मुआब्जा दिंदा फूसको घरमा एक प्रतिशत, खपडाको घरमा डेढ प्रतिशत र पक्की घरमा २ प्रतिशत सम्पत्ति कर काट्ने भनेपछि उनीहरूले सोको समेत विरोध गरेका छन् । मुआब्जाको सम्पूर्ण रकम विना कर कट्टी पाउनुपर्ने र लिखित सम्झौता गरेको खण्डमा मात्र धर्ना तोड्ने वीरगंज–२५ की वडा सदस्य तेतरी देवीले बताएकी छन्।
पीडितहरूको अवरोधका कारण बन्दरगाहको दैनिक आवागमन र राजस्व सङ्कलन प्रभावित भएको वीरगंज भन्सार स्रोतले जनाएका छ।

● वर्ष ४ ● अंक ३०१ ● २०८३ साल असोज २१ गते बुधवार ● Wednesday 07, October 2026 ● सूर्योदय: बिहान ०५:५० बजे ● सूर्यास्त: साँझ ०५:३७ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

### अमलेखगन्ज–लोथर पेट्रोलियम पाइपलाइन:

## तीन वर्षभित्र सञ्चालनमा ल्याउने तयारी,

# लोथरमा धमाधम पूर्वाधार निर्माण



**मधेशदृष्टि**
**हेटौडा।**
राष्ट्रिय प्राथमिकतामा राखिएको अमलेखगन्ज–लोथर पेट्रोलियम पाइपलाइन परियोजना निर्माणको प्रारम्भिक कामले गति लिएको छ। चितवनको राप्ती नगरपालिका–१ लोथरमा परियोजनाका लागि आवश्यक जमिन सम्याउने (ल्याण्ड फिलिङ) तथा बाहिरी पर्खाल निर्माणको काम तीव्र रूपमा अघि बढिरहेको छ। नेपाल आयल निगमले लोथरमा करिब २३ बिघा १२ कट्ठा क्षेत्रफलमा अत्याधुनिक पूर्वाधारसहितको 'ग्रीन फिल्ड टर्मिनल' निर्माण गर्ने तयारी गरेको छ। आयोजना प्रमुख एवं निगमका निर्देशक प्रदीपकुमार यादवका अनुसार परियोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) समेत अन्तिम चरणमा पुगेको छ।
परियोजना सम्पन्न भएपछि भारतको मोतिहारीस्थित इन्डियन आयल कर्पोरेसन (आइओसी)को डिपोबाट अमलेखगन्ज हुँदै लोथरसम्म पेट्रोलियम पदार्थ पाइपलाइनमार्फत सीधै ल्याउन सकिनेछ । अमलेखगन्ज–लोथर खण्डमा करिब ६२ किलोमिटर लामो १० दशमलव ७५ इन्च व्यासको पाइपलाइन निर्माण गरिनेछ।

### हाल भारतको मोतिहारीबाट अमलेखगन्जसम्म

पाइपलाइनमार्फत पेट्रोलियम पदार्थ आयात हुँदै आएको छ।
यही प्रणालीलाई विस्तार गर्दै लोथरसम्म पुऱ्याउन लागिएको हो। निगमका अनुसार नयाँ पाइपलाइन पूर्वपश्चिम राजमार्गको समानान्तर भएर अघि बढ्नेछ। यसका लागि सडक विभागसँग आवश्यक समन्वय भइसकेको छ । हेटौँडा बजार क्षेत्रमा भने पाइपलाइन नलैजाने गरी वैकल्पिक मार्ग तय गरिएको छ।
आयोजना प्रमुख यादवका अनुसार अमलेखगन्जबाट आउने पाइपलाइन रातोमाटे आसपासबाट नदी क्षेत्र हुँदै अघि बढ्ने र हेटौँडा बजारलाई बाइपास गरेर राप्ती पुल नजिकबाट पुनः बाहिर निस्कनेछ। यसले हेटौँडा बजारभित्र पाइपलाइन निर्माण गर्नुपर्ने अवस्था हटाउनेछ । निगमले परियोजना आगामी तीन वर्षभित्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने लक्ष्य लिएको छ।

### एक घण्टामा २७३ किलोलिटर इन्धन

प्रस्तावित पाइपलाइनबाट प्रतिघण्टा २७३ किलोलिटरको दरले पेट्रोलियम पदार्थ लोथरसम्म पुऱ्याउन सकिनेछ । करिब ६२ किलोमिटर लामो पाइपलाइनमा नियमित रूपमा करिब ३२ सय किलोलिटर इन्धन प्रवाहमा रहने व्यवस्था गरिने निगमले जनाएको छ। लोथरमा निर्माण हुने टर्मिनलले भने ठूलो मात्रामा इन्धन भण्डारण गर्नेछ। निगमका अनुसार यहाँ कुल ९१ हजार ९०० किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण गर्न सकिनेछ।
परियोजनाअन्तर्गत पेट्रोल भण्डारणका लागि ११ हजार किलोलिटर क्षमताका तीन वटा ठाडा ट्याङ्की निर्माण गरिनेछन्। त्यस्तै, डिजेलका लागि १५ हजार ५०० किलोलिटर क्षमताका तीन वटा तथा मट्टितेलका लागि ८०० किलोलिटर क्षमताका दुई वटा ट्याङ्की रहनेछन्। हवाई इन्धनका लागि तीन हजार ६०० किलोलिटर क्षमताका तीन वटा ट्याङ्की निर्माण गर्ने योजना छ। यसबाहेक दुई वटा ट्रान्समिक्स ट्याङ्की पनि निर्माण गरिने निगमले जनाएको छ। निगमका अनुसार लोथरमा करिब १६० वर्गमिटर क्षेत्रफलमा पाइपलाइन स्टेशन निर्माण हुनेछ।

### हवाई इन्धनमा मात्रै वार्षिक दुई अर्बसम्म बचतको अनुमान

लोथरमा हवाई इन्धन भण्डारणको सुविधा तयार भएपछि नेपालले हवाई इन्धनसमेत पाइपलाइनबाटै आयात गर्न सक्नेछ । अहिले भारतको बरौनीबाट करिब ४०० किलोमिटर दूरी पार गर्दै हवाई इन्धन ट्याङ्करमार्फत नेपाल ल्याइँदै आएको छ । पाइपलाइनमार्फत हवाई इन्धन लोथरसम्म ल्याउन सके प्रतिलिटर करिब पाँच रुपैयाँ ढुवानी खर्च बचत हुने निगमको अनुमान छ । यसबाट वार्षिक करिब दुई अर्ब रुपैयाँ बराबरको ढुवानी खर्च जोगाउन सकिने अपेक्षा गरिएको छ।
पेट्रोलियम पदार्थको ढुवानीमा पाइपलाइन प्रणाली विस्तार हुँदा सडकमार्फत हुने ट्याङ्कर आवतजावत घट्नेछ । यसले वातावरणीय प्रभाव कम गर्नुका साथै इन्धन चोरी र मिसावटको सम्भावनासमेत न्यून गर्ने निगमको विश्वास छ। पाइपलाइन र भण्डारण गृहसहित परियोजनाको अनुमानित लागत १४ अर्ब नौ करोड ६० लाख रुपैयाँ रहेको छ।

### लोथरमा पूर्वाधार निर्माणको तयारी तीव्र

परियोजना निर्माणस्थलमा अहिले जग्गा व्यवस्थापन र निर्माणपूर्वका काम चलिरहेका छन् । निगमका उपप्रबन्धक ऋषिराम शर्माका अनुसार जमिन सम्याउने तथा बाहिरी पर्खाल लगाउने काम भइरहेको छ। जग्गा तयार भएपछि भण्डारण ट्याङ्की लगायतका मुख्य संरचना निर्माणको जिम्मा इन्डियन आयल कर्पोरेसनलाई दिइनेछ । जमिन पुर्ने र बाहिरी पर्खाल निर्माणको ठेक्का मोतीदान कन्स्ट्रक्सनले पाएको छ । करिब ७९ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको उक्त कम्पनीले गत भदौदेखि काम सुरु गरेको हो। ठेक्का अवधि एक वर्ष तोकिए पनि कामलाई तीव्रता दिएर आठदेखि नौ महिनामै सम्पन्न गर्ने लक्ष्य राखिएको कम्पनीका प्रतिनिधि कृष्ण घोरासाइनीले बताएका छन् । उनका अनुसार आवश्यक माटो तथा अन्य कच्चा पदार्थ संकलन गरी निर्माणस्थलमा ल्याउने काम भइरहेको छ।

### भारतसँगको सम्झौतापछि परियोजनाले पायो गति

अमलेखगन्ज–लोथर पेट्रोलियम पाइपलाइन तथा लोथरमा भण्डारण गृहसहितको सुविधा सम्पन्न डिपो निर्माण गर्ने समझदारी तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को २०८० जेठमा भएको भारत भ्रमणका क्रममा भएको थियो। त्यसपछि २०८१ असोज १७ गते नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनबीच परियोजना निर्माणसम्बन्धी सम्झौता भएको थियो। सम्झौताअनुसार निर्माण सुरु भएको ५४ महिनाभित्र परियोजना सञ्चालनमा ल्याउने लक्ष्य निर्धारण गरिएको छ। आइओसीले परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर)समेत तयार गरिसकेको छ।

### अमलेखगन्जपछि लोथरसम्म पुग्दैछ पाइपलाइन

भारतको मोतिहारीदेखि बाराको अमलेखगन्जसम्मको अन्तरदेशीय पेट्रोलियम पाइपलाइन २०७६ भदौ २४ गतेदेखि सञ्चालनमा छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा उद्घाटन गरेपछि सोही दिनदेखि पाइपलाइनबाट डिजेल आयात सुरु भएको थियो। पछि २०८१ असोज २४ गतेदेखि पेट्रोल र सोही वर्षको मंसिर १९ गतेदेखि मट्टितेलसमेत पाइपलाइनबाट ल्याउन थालिएको हो । दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पेट्रोलियम पाइपलाइनको कुल लम्बाइ ६९ दशमलव दुई किलोमिटर छ । त्यसमध्ये भारततर्फ ३३ किलोमिटर र नेपालतर्फ ३६ दशमलव दुई किलोमिटर भाग पर्छ। हाल सञ्चालनमा रहेको बहु–उत्पादन पाइपलाइनबाट पेट्रोल, डिजेल र मट्टितेल आयात हुँदै आएको छ। यसबाट आयात हुने इन्धनले नेपालको कुल मागको करिब ७० प्रतिशत हिस्सा धानिरहेको निगमको भनाइ छ।
अमलेखगन्जबाट काठमाडौं, विराटनगर, भैरहवा, थानकोट, पोखरा, वीरगन्ज र जनकपुरलगायतका डिपोमा पेट्रोलियम पदार्थ आपूर्ति हुँदै आएको छ। अमलेखगन्ज–लोथर परियोजना सञ्चालनमा आएपछि नेपालको पश्चिमी तथा उत्तरी क्षेत्रमा पेट्रोलियम पदार्थको आपूर्ति थप सहज, सुरक्षित र व्यवस्थित हुने अपेक्षा गरिएको छ।
सडकमार्फत हुने इन्धन ढुवानीमा निर्भरता घटाउँदै ठूलो क्षमताको भण्डारण पूर्वाधार निर्माण हुने भएकाले यो परियोजनालाई नेपालको दीर्घकालीन पेट्रोलियम आपूर्ति सुरक्षाका दृष्टिले महत्वपूर्ण मानिएको छ।

## पिपरा गाउँपालिकामा हाकिमको विवाद,

# मन्त्रालयले रोक्यो आर्थिक–प्रशासनिक अधिकार




**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको पिपरा गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत कसलाई बनाउने भन्ने विवाद संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र गाउँपालिका नेतृत्वबीचको टकरावमा परिणत भएको छ। मन्त्रालयले सरुवा भएका प्रमुख प्रशासकीय अधिकृतलाई रमाना नदिएको र नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराएको भन्दै गाउँपालिकाको आर्थिक तथा प्रशासनिक अधिकार रोकिदिएको छ। तर, गाउँपालिका नेतृत्व भने मन्त्रालयले खटाएका नयाँ प्रमुख प्रशासकीय अधिकृत राधेश्याम ठाकुरलाई हाजिर गराउने पक्षमा छैन । गाउँपालिकाकी उपाध्यक्ष वन्दना पाण्डेयले ठाकुरलाई हाजिर गराउनुभन्दा पालिका नचल्नु नै ठीक हुने बताएकी छन्।
विवादको सुरुवात मन्त्रालयले गत भदौ २९ गते गरेको कर्मचारी सरुवाबाट भएको हो। मन्त्रालयले ५२ जना शाखा अधिकृतको सरुवा गर्दा पिपरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोषकुमार मिश्रलाई गृह मन्त्रालय वा अन्तर्गत सरुवा गरेको थियो । जिल्ला समन्वय समिति सिरहामा शाखा अधिकृतका रूपमा कार्यरत राधेश्याम ठाकुरलाई पिपरा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाइएको थियो। तर, सरुवा भएको भोलिपल्टै भदौ ३० गते गाउँपालिका अध्यक्ष रामजानकी यादवको अध्यक्षतामा बसेको कार्यपालिका बैठकले ठाकुरलाई कुनै पनि हालतमा स्वीकार नगर्ने निर्णय गरेको थियो। नयाँ प्रमुख प्रशासकीय अधिकृतका रूपमा ठाकुरलाई नपठाउन र उनको स्थानमा अर्को कर्मचारी पठाउन माग गर्दै गाउँपालिकाले मन्त्रालयमा पत्रसमेत पठाएको थियो।
मन्त्रालयको निर्णयअनुसार ठाकुर पिपरा गाउँपालिकामा हाजिर हुन पुगे पनि उनलाई हाजिर गराइएन।
अर्कोतर्फ, सरुवा भएका सन्तोषकुमार मिश्रले पनि साविकको कार्यालयबाट रमाना लिएर सरुवा भएको स्थानमा गएका छैनन् । सरुवा भएको कार्यालयमा कर्मचारी २१ दिनभित्र हाजिर हुनुपर्ने व्यवस्था छ। तोकिएको अवधि पार भइसक्दा पनि सरुवा कार्यान्वयन नभएपछि मन्त्रालयले पिपरा गाउँपालिकाको आर्थिक तथा प्रशासनिक अधिकार रोक्ने निर्णय गरेको हो।
मन्त्रालयले साविकका निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट हुने आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द गर्दै नयाँ खटाइएका प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक तथा प्रशासनिक जिम्मेवारीसहित तत्काल कामकाजमा लगाउन गाउँपालिकालाई निर्देशन दिएको छ । मन्त्रालयका कर्मचारी प्रशासन महाशाखा प्रमुख सहसचिव धोलकराज ढकालका अनुसार मन्त्रालयको निर्णयअनुसार सरुवा भएका कर्मचारीलाई रमाना नदिने र नयाँ खटाइएका कर्मचारीलाई हाजिर नगराउने भएपछि गाउँपालिकाको आर्थिक तथा प्रशासनिक खाता रोक्का गरिएको हो।
ढकालका अनुसार पिपरा गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतलाई अन्यत्र सरुवा गरिए पनि गाउँपालिकाले रमाना दिएको थिएन। त्यस्तै, जिल्ला समन्वय समिति सिरहामा कार्यरत शाखा अधिकृत ठाकुरलाई नयाँ प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाइए पनि गाउँपालिकाले हाजिर गराउन अस्वीकार गरेको थियो । मन्त्रालयले सरुवा भएका कर्मचारीलाई तत्काल सरुवा भएको कार्यालयमा हाजिर हुन निर्देशन दिँदै उनीहरूको आर्थिक जिम्मेवारीसमेत रद्द गरेको जनाएको छ । गाउँपालिकाको खाता सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउन कोष तथा लेखा नियन्त्रक कार्यालयलाई समेत जानकारी गराइएको छ।

### ठाकुरलाई हाजिर नगराउने गाउँपालिकाको अडान

मन्त्रालयको निर्णयपछि पनि पिपरा गाउँपालिका नेतृत्व आफ्नो अडानबाट पछि हटेको छैन । उपाध्यक्ष वन्दना पाण्डेयले मन्त्रालयले स्थानीय तहसँग समन्वय नगरी राधेश्याम ठाकुरलाई पठाएको र उनको विगतको पृष्ठभूमि विवादित रहेको भन्दै गाउँपालिकाले उनलाई हाजिर नगराउने बताइन् । उनका अनुसार ठाकुर यसअघि मुखियापट्टी मुसहरनिया गाउँपालिकामा विवादमा परेका थिए। स्थानीय तहको हितविपरीत विवादमा परेका व्यक्तिलाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा स्वीकार गर्न नसकिने गाउँपालिकाको धारणा रहेको उनले बताइन्।
'हामीले भदौ ३० गते नै कार्यपालिका र सम्पूर्ण बोर्डबाट निर्णय गरेर मन्त्रालयमा पत्र दर्ता गराएका छौँ। ठाकुरलाई हामीकहाँ नपठाउन र अन्यत्रै सरुवा गर्न स्पष्ट भनेका छौँ,' पाण्डेयले भनिन्, 'उहाँलाई हाजिर गराउनुभन्दा पालिका नचल्नु नै ठीक हुन्छ। मन्त्रालयले उहाँको ठाउँमा अरू कसैलाई पठाओस् ।' पाण्डेयका अनुसार ठाकुरले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्षसँग औपचारिक समन्वय नगरी हाजिर हुन प्रयास गरेका थिए । गाउँपालिका नेतृत्वले केही दिन पर्खेर वातावरण सहज बनाउन आग्रह गरे पनि ठाकुर मन्त्रालय पुगेको उनको भनाइ छ।
गाउँपालिका नेतृत्वले भने साविककै प्रमुख प्रशासकीय अधिकृत सन्तोषकुमार मिश्रलाई निरन्तरता दिनुपर्ने माग गर्दै आएको छ । बजेट भुक्तानी, योजना फरफारक तथा पुराना फाइलको अवस्थाबारे मिश्र जानकार रहेकाले गाउँपालिकाको काम सञ्चालन गर्न सहज हुने उपाध्यक्ष पाण्डेयको तर्क छ।

### सरुवा कार्यान्वयन नगर्ने प्रवृत्तिमा मन्त्रालय कडा

मन्त्रालय भने सरुवा कार्यान्वयन नगर्ने प्रवृत्तिलाई स्वीकार गर्ने पक्षमा छैन । मन्त्रालयका अनुसार सरुवा भएका कर्मचारीलाई तोकिएको अवधिभित्र रमाना दिई नयाँ कार्यालयमा पठाउनुपर्ने कानुनी व्यवस्था छ । मन्त्रालयले यसअघि नै सबै मन्त्रालय, आयोग, सचिवालय, सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहलाई परिपत्र गर्दै सरुवा भएका निजामती कर्मचारीलाई तोकिएको अवधिभित्र अनिवार्य रूपमा रमाना दिन निर्देशन दिइसकेको थियो।
निजामती सेवा नियमावली, २०५० अनुसार सरुवा भएका कर्मचारीलाई तोकिएको अवधिभित्र रमाना नदिई साविककै कार्यालयबाट तलबभत्ता भुक्तानी गरिएमा म्यादभन्दा बढी अवधिको तलबभत्ता रमाना नदिने कार्यालय प्रमुख र भुक्तानी दिने लेखा प्रमुखबाट असुलउपर गर्न सकिने मन्त्रालयले जनाएको छ । सरुवा कार्यान्वयन नभएको अवस्थामा तलबभत्ता भुक्तानीलाई बेरुजु कायम गर्न महालेखा परीक्षकको कार्यालयलाई समेत मन्त्रालयले अनुरोध गरेको छ । त्यस्तै, कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत सरुवा निर्णय कार्यान्वयनमा सहयोग गर्न महालेखा नियन्त्रकको कार्यालयलाई भनिएको छ।
मन्त्रालयका अनुसार पछिल्लो समय सरुवा भएका कर्मचारीलाई बहाली म्याद सकिएपछि पनि साविककै कार्यालयमा राखेर काम गराउने तथा पूर्व कार्यालयबाटै तलबभत्ता भुक्तानी गर्ने प्रवृत्ति देखिएको छ। यसले विशेषगरी स्थानीय तहमा जनशक्ति व्यवस्थापन र सेवा प्रवाहमा समस्या सिर्जना गरेको मन्त्रालयको भनाइ छ । पिपराको विवादमा गाउँपालिका नेतृत्वले स्थानीय तहसँग समन्वय नगरी विवादित पृष्ठभूमिका कर्मचारी पठाइएको दाबी गरेको छ भने मन्त्रालयले सरुवा भइसकेका कर्मचारीलाई साविककै कार्यालयमा राख्न र नयाँ खटाइएका कर्मचारीलाई हाजिर हुन नदिन नमिल्ने बताएको छ।
दुवै पक्ष आ–आफ्नो अडानमा रहेपछि पिपरा गाउँपालिकाको प्रशासनिक तथा आर्थिक काम प्रभावित हुने अवस्था बनेको छ । मन्त्रालयले आर्थिक तथा प्रशासनिक अधिकार रोक्दै आफ्नो निर्णय कार्यान्वयन गराउन खोजेको छ भने गाउँपालिका नेतृत्व नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउने पक्षमा छैन। यसले पिपराको विवादलाई कर्मचारी सरुवा र हाजिरीको विषयमा मात्र सीमित नराखी स्थानीय तहको प्रशासनिक नेतृत्वमा संघीय सरकार र स्थानीय राजनीतिक नेतृत्वको अधिकार तथा भूमिकासम्बन्धी प्रश्नसमेत सतहमा ल्याएको छ। अहिले पिपरामा मन्त्रालयले खटाएका प्रमुख प्रशासकीय अधिकृत ठाकुर हाजिर हुने कि गाउँपालिका आफ्नो अडानमा कायम रहने भन्ने विषय निर्णायक बनेको छ।

## अनुगमनको शैलीप्रति आपत्ति जनाउँदै

# जलेश्वरका व्यवसायीले बन्द गरे बजार

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा गरिएको बजार अनुगमनको शैलीप्रति विरोध जनाउँदै जलेश्वरका व्यवसायीले बजार बन्द गरेका छन् । अनुगमनका क्रममा व्यवसायीलाई त्रसित बनाउने, धम्क्याउने तथा आवश्यक प्रक्रिया पूरा नगरी जरिवाना गरिएको आरोप लगाउँदै उनीहरूले बजार बन्द गरेका हुन्।
व्यवसायीहरूले बजार अनुगमन उपभोक्ताको हित र व्यवसाय नियमनका लागि हुनुपर्नेमा आफूहरूलाई आतंकित पार्ने शैलीमा गरिएको आरोप लगाएका छन् । अनुगमनका क्रममा भएको व्यवहारप्रति असन्तुष्टि जनाउँदै जलेश्वर उद्योग वाणिज्य संघले व्यवसायीहरूसँग एक्यबद्धता जनाएर जिल्ला प्रशासन कार्यालय महोत्तरीमार्फत मधेश सरकारलाई ज्ञापनपत्रसमेत बुझाएको छ।
जलेश्वर उद्योग वाणिज्य संघका अध्यक्ष शिवचन्द्र चौधरीको नेतृत्वमा गएको व्यवसायीको टोलीले प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र बुझाएको हो । अध्यक्ष चौधरीले जलेश्वरका व्यवसायीले नेपाल सरकारले तोकेको नियम र कानुनको पालना गर्दै व्यापार व्यवसाय सञ्चालन गर्दै आएको बताए।
तर, मन्त्री महतोको नेतृत्वमा आएको अनुगमन टोलीले व्यवसायीलाई आतंकित पार्ने शैली अपनाएको भन्दै त्यसको विरोधमा बजार बन्द गरिएको चौधरीले बताए। अनुगमनका क्रममा अपनाइएको कार्यशैलीप्रति आपत्ति जनाउँदै प्रशासनमार्फत प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाइएको उनले जानकारी दिए । संघका अनुसार व्यवसायीले पसल खोलेर सरसफाइ गरिरहेका बेला अनुगमन टोलीले आवश्यक विधि र प्रक्रिया पूरा नगरी त्रसित बनाउने व्यवहार गरेको थियो। होटल व्यवसायीले बिक्रीका लागि तयार पारेको मिठाईसमेत नष्ट गर्न खोजिएको र त्यसको




गुणस्तर परीक्षणका लागि प्रयोगशाला जाँच गर्न आग्रह गर्दा बेवास्ता गरिएको व्यवसायीहरूको आरोप छ।
गुणस्तर परीक्षण नगरी सामानलाई गुणस्तरहीन भन्दै नष्ट गर्न लगाउने, अनावश्यक जरिवाना गर्ने तथा अनुगमनका क्रममा बोल्ने व्यवसायीलाई थुन्ने र मुद्दा चलाउने धम्की दिइएको आरोपसमेत संघले लगाएको छ।
संघले बजार अनुगमन गर्दा सम्बन्धित वस्तुको गुणस्तर परीक्षणका लागि आवश्यक प्राविधिक तथा प्रयोगशाला प्रक्रिया अपनाउनुपर्ने माग गरेको छ । उपभोक्ताको हित संरक्षणसँगै व्यवसायीको अधिकार र कानुनी प्रक्रियाको पनि पालना हुनुपर्ने संघको भनाइ छ । व्यवसायीमाथि भएको भनिएको ज्यादतीको विरोधमा आफूहरू एक्यबद्ध रहेको जनाउँदै संघले माग सम्बोधन नभए चरणबद्ध रूपमा विरोधका कार्यक्रम अघि बढाउने चेतावनी दिएको छ।

## सम्पादकीय

# आईसीयू खोज्दै भौँतारिने गरिबको अस्पताल कहिले बन्छ ?

जनकपुर प्रादेशिक अस्पतालको आकस्मिक कक्षमा उपचारका लागि आएका सिकिस्त बिरामीको अनुहारमा देखिने पीडा केवल रोगको पीडा होइन, राज्यको स्वास्थ्य प्रणालीप्रतिको निराशाको प्रतिबिम्ब पनि हो। अस्पतालको शय्यामा जीवनसँग संघर्ष गरिरहेका बिरामीलाई चिकित्सकले आईसीयूमा राख्नुपर्ने बताउँछन्, तर अस्पतालसँग आईसीयू बेड छैन। निजी अस्पतालमा उपचार गराउन आर्थिक क्षमता छैन। अन्ततः बिरामी र आफन्तको हातमा बाँकी रहन्छ आईसीयूको एउटा बेड खाली हुने प्रतीक्षा। जनकपुरधाम–९ की ६५ वर्षीया मिथिलादेवी कर्णको अवस्था यही विडम्बनाको एउटा प्रतिनिधि उदाहरण हो। लामो समयदेखि दम रोगबाट पीडित उनलाई तत्काल आईसीयू आवश्यक थियो। तर प्रादेशिक अस्पतालको सात बेडको आईसीयू भरिएको थियो। निजी अस्पतालको खर्च धान्न नसक्ने परिवार अस्पतालमै बेड खाली हुने प्रतीक्षामा बस्न बाध्य भयो।

लोहारपट्टीका ५५ वर्षीय राजीव मुखिया र बटेश्वरका ७४ वर्षीय रामप्रसाद साहको कथा पनि फरक छैन। चिकित्सकले आईसीयू आवश्यक रहेको बताए पनि आर्थिक विपन्नताका कारण उनीहरू अन्य अस्पताल जान सक्ने अवस्थामा छैनन्। एउटै अस्पतालको आईसीयू कुरिरहेका यी बिरामी वास्तवमा उपचार होइन, राज्यको जिम्मेवारी पूरा हुने प्रतीक्षा गरिरहेका छन्। यो अवस्था कुनै सामान्य व्यवस्थापकीय कमजोरी मात्र होइन। यो राज्यको स्वास्थ्य प्राथमिकतामाथि गम्भीर प्रश्न हो। जनकपुर प्रादेशिक अस्पताल मधेश प्रदेशको प्रमुख सरकारी स्वास्थ्य संस्था हो। यहाँ दैनिक करिब दुई हजार बिरामी आउने र आकस्मिक कक्षमै दैनिक १०० देखि १२५ जनासम्म सिकिस्त बिरामी आउने तथ्यले अस्पतालमाथिको चाप स्पष्ट पार्छ। तर यस्तो अस्पतालमा आईसीयूका लागि जम्मा सात बेड र भेन्टिलेटरका लागि तीन बेड हुनु आफैंमा विडम्बनापूर्ण छ।

त्यसमाथि समस्या बेडको मात्र होइन, जनशक्तिको पनि छ। आईसीयू र भेन्टिलेटर सञ्चालनका लागि आवश्यक नर्सको तुलनामा अस्पतालमा निकै कम जनशक्ति छ। संघीय सरकारको मापदण्डअनुसार आवश्यक पर्ने जनशक्तिको तुलनामा अहिलेको उपलब्धता अत्यन्त न्यून छ। अस्पताल प्रशासन स्वयं जनशक्ति थपिए आईसीयू र भेन्टिलेटर थप्न सकिने बताइरहेको छ। त्यसो भए प्रश्न स्वाभाविक छ जनशक्ति उपलब्ध गराउने जिम्मेवारी कसको हो? सरकारले अस्पताललाई ठूलो बनाउने घोषणा गर्न सक्छ। नाम परिवर्तन गर्न सक्छ। प्रतिष्ठान गठन गर्न सक्छ। नयाँ भवन निर्माण गर्न सक्छ। तर बिरामीलाई आवश्यक परेको समयमा आईसीयू बेड, भेन्टिलेटर, चिकित्सक र नर्स उपलब्ध गराउन सक्दैन भने त्यस्ता संरचना र घोषणाको अर्थ के रहन्छ?

२०४८ सालमा १०० बेड स्वीकृत भएको अस्पताल अहिले बिरामीको चापका कारण करिब ३९० बेडमा चलिरहेको छ। दैनिक दुई हजारको हाराहारीमा बिरामी आउने अस्पताललाई करिब ८०० बेड आवश्यक रहेको स्वयं अस्पतालको भनाइ छ। तर अहिलेसम्म कानुनी रूपमा बेड थपिएको छैन, नयाँ दरबन्दी स्वीकृत भएको छैन। अस्पतालको विस्तार बिरामीको आवश्यकता हेरेर होइन, जेनतेन आन्तरिक स्रोतबाट भइरहेको छ। यस्तो अवस्थामा अस्पताललाई 'रेफर सेन्टर' बन्नबाट रोक्न सकिँदैन। सबैभन्दा दुःखद पक्ष भनेको आईसीयू र भेन्टिलेटर अभावले बिरामीको ज्यान जाने अवस्था सिर्जना हुनु हो। सर्पदंशपछि आफैं अस्पताल पुगेका २५ वर्षीय महेश यादवको घटनाले यही कठोर वास्तविकता उजागर गर्छ। उपचारका लागि अस्पताल पुगेका बिरामीलाई आईसीयू तथा भेन्टिलेटर उपलब्ध हुन नसक्नु, अर्को अस्पतालले आवश्यक औषधि नभएको भन्दै भर्ना नलिनु र अन्ततः अर्को ठाउँमा पुग्दा मृत्यु हुनु यो केवल एउटा परिवारको दुःखद घटना होइन, हाम्रो स्वास्थ्य प्रणालीको असफलताको गम्भीर संकेत हो।

सरकारी अस्पतालमा आउने अधिकांश बिरामी आर्थिक रूपमा कमजोर हुन्छन्। निजी अस्पतालको महँगो उपचार धान्न नसक्ने भएकैले उनीहरू सरकारी अस्पतालको ढोकामा पुग्छन्। त्यहाँ पनि आईसीयू नपाएर निजी अस्पतालतर्फ धकेलिनुपर्ने अवस्था आयो भने सार्वजनिक स्वास्थ्य सेवाको औचित्यमाथि नै प्रश्न उठ्छ। सरकारले स्वास्थ्यलाई मौलिक अधिकार भनेको छ। तर अधिकार कागजमा लेखेर मात्र सुनिश्चित हुँदैन। सिकिस्त बिरामीलाई समयमै आईसीयू दिन नसक्ने राज्यले स्वास्थ्य अधिकारको वास्तविक अर्थ बुझ्नुपर्छ। अब मधेश सरकारले बहाना होइन, तत्काल कार्ययोजना सार्वजनिक गर्नुपर्छ। प्रादेशिक अस्पतालको वास्तविक बिरामी चापका आधारमा बेड संख्या पुनरावलोकन गर्नुपर्छ। आईसीयू र भेन्टिलेटर क्षमता तत्काल विस्तार गर्नुपर्छ। आवश्यक चिकित्सक, नर्स तथा प्राविधिक जनशक्तिको दरबन्दी सिर्जना गरी पूर्ति गर्नुपर्छ। अस्पताललाई आवश्यक बजेट उपलब्ध गराउनुपर्छ। आकस्मिक उपचारका लागि रेफरल प्रणालीलाई पनि व्यवस्थित र प्रभावकारी बनाउनुपर्छ।

अस्पताल प्रशासनले आफ्नो सीमित स्रोतको कुरा गर्नु स्वाभाविक होला। तर सरकारका लागि 'स्रोत अभाव' स्थायी बहाना बन्न सक्दैन। प्रदेशको सबैभन्दा ठूलो अस्पतालमा आईसीयूको बेड खोज्दै बिरामीले ज्यान गुमाउनुपर्ने अवस्था छ भने अब प्राथमिकता के हो भन्ने निर्णय सरकारले गर्नैपर्छ। विकासको मापन सडक, भवन र उद्घाटनको संख्याले मात्र हुँदैन। एउटा गरिब नागरिकले सिकिस्त अवस्थामा अस्पताल पुग्दा समयमै आईसीयू पाउँछ कि पाउँदैन भन्ने कुराले पनि राज्यको विकासको वास्तविक स्तर निर्धारण गर्छ। जनकपुर प्रादेशिक अस्पतालमा अहिले आईसीयूको बेड पर्खिरहेका चार जना बिरामी मात्र समस्या होइनन्। उनीहरू हजारौँ विपन्न नागरिकको प्रतिनिधि हुन्, जो राज्यको स्वास्थ्य प्रणालीमाथि भरोसा गरेर सरकारी अस्पताल पुग्छन्। गरिब नागरिकले आईसीयूको एउटा बेडका लागि मृत्युको प्रतीक्षा गर्नुपर्ने व्यवस्था कहिलेसम्म? सरकारले यसको जवाफ भाषणबाट होइन, अस्पतालको आईसीयूमा थपिएको बेड, उपलब्ध भएको भेन्टिलेटर र ड्युटीमा खटिएका पर्याप्त चिकित्सक तथा नर्समार्फत दिनुपर्छ। किनकि बिरामीको जीवन पर्खिन सक्दैन।

# साइकलसँग जोडिएका धरानका युवा

सङ्गीता राई



सुनसरी।
धरान 'लाहुरेको सहर'का रूपमा परिचित छ। आधुनिक जीवनशैली र फेसनेबल सहरका रूपमा समेत चिनिएको धरान पछिल्लो समय साइक्लिङका लागि पनि परिचित हुँदै गएको छ। धरानका सडकदेखि आसपासका डाँडाकाँडा र ग्रामीण क्षेत्रसम्म साइकल चलाउने युवाको संख्या बढ्दो छ। साइकललाई मनोरञ्जन र यात्राको साधनका रूपमा मात्र नभई खेलकुद, साहसिक यात्रा र पर्यटनसँग जोडेर अघि बढाउने युवाहरू पनि धरानमा उत्तिकै छन्। धरान–११ का १८ वर्षीय दीपसागर तामाङको साइकल यात्रा अहिले साहसिक तथा प्रतिस्पर्धात्मक साइक्लिङसम्म पुगेको छ। सानै उमेरदेखि साइकल चलाउन रुचि राख्ने तामाङ जुनियर नेसनल च्याम्पियनसमेत भइसकेका छन्। बाल्यकालमा साथीहरूले साइकल चलाएको देखेर उहाँलाई पनि चलाउने रहर जाग्यो। सामान्य साइकलबाट सुरु भएको उहाँको यात्रा अहिले नेपालका विभिन्न स्थान हुँदै भारतको आसामसम्म र माउन्टेन बाइकिङ प्रतियोगितासम्म पुगेको छ। 'साथीहरूको साइकल देखेर मलाई पनि चलाउन मन लाग्यो। अनि आमा, बुबाले साइकल किनिदिनुभयो र चलाउन थालेँ। साइकलिङ अहिले मेरो जीवनकै महत्वपूर्ण हिस्सा बनेको छ', उनले भने।

तामाङले भारतको आसामसहित नेपालका पोखरा, काठमाडौँ, ओखलढुङ्गा, गाईघाटलगायत विभिन्न स्थानमा आयोजना भएका साइक्लिङ कार्यक्रम तथा यात्रामा सहभागिता जनाइसकेको बताए। उनको यात्रा अहिले माउन्टेन बाइकिङको प्रतिस्पर्धात्मक यात्रामा परिणत भएको छ। उनको महत्वपूर्ण अनुभवमध्ये कञ्चनजङ्घा आधार शिविरसम्मको यात्रा पनि एक हो। ताप्लेजुङमा गत वर्ष आयोजना गरिएको 'सिरिजङ्घा पर्यटन महोत्सव–२०८२' अन्तर्गत उहाँसहित चार जनाको टोलीले कञ्चनजङ्घा आधार शिविरसम्म साइकल यात्रा गर्नुभएको थियो, जुन जुनियर साइक्लिस्टमध्ये विश्वकै पहिलो टोली हो। धरानबाट सुरु भएको उक्त यात्रा सहज भने थिएन। कठिन भौगोलिक अवस्था, भिरपाखा र अप्ठ्यारो बाटोका कारण कतिपय स्थानमा साइकल चलाएर तथा कतिपय ठाउँमा बोकेर अघि बढ्नुपरेको उनले बताए। त्यहाँसम्म पुग्न सजिलो थिएन। बाटो निकै अप्ठ्यारो थियो। साइकल कुदाउन सकिने ठाउँमा कुदाएर लग्यौँ, नसकिने ठाउँमा बोकेर हिँड्नुप¥यो। तीन दिनसम्म कठिन बाटो छिचोल्दै हामी कञ्चनजङ्घा आधार शिविर पुग्न सफल भयौँ। उनले भने।

त्यसैगरी, तामाङले अन्नपूर्ण सर्किटमा आयोजना हुने माउन्टेन बाइक रेस 'याक अट्याक' मा समेत सहभागिता जनाइसकेका छन्। लमजुङको बेँसीसहरबाट सुरु भई मनाङ हुँदै मुस्ताङको तातोपानीमा पुगेर समापन हुने सातदिने उक्त अन्तर्राष्ट्रिय रेसमा उहाँले रु ५० हजार पुरस्कारसहित दोस्रो स्थान हासिल गरेका थिए। त्यस्तै, '२०औँ राष्ट्रिय एमटीबी क्रस कन्ट्री' तथा '१२औँ डाउनहिल च्याम्पियनसिप' मा उनले जुनियरतर्फ दुवै विधामा प्रथम स्थान हासिल गरेका थिए। साइकल यात्राका क्रममा कहिलेकाहीँ अप्ठ्यारा अवस्थाको सामना गर्नुपरे पनि ती अनुभवले आफूलाई निरन्तर साइक्लिङका यात्रामा लाग्न प्रेरित गरेको उनी बताउँछन्। तामाङले सानै उमेरमा जुनियरतर्फबाट दर्जनौँ राष्ट्रिय तथा अन्तरराष्ट्रिय साइक्लिङ प्रतियोगितामा सहभागी भई उपाधि जितिसकेका छन्। 'अहिलेसम्म अन्य क्षेत्रतिर लाग्ने सोच बनाएको छैन, साइक्लिङ खेललाई नै निरन्तरता दिने र यसै क्षेत्रमा अझ राम्रो प्रदर्शन गर्ने लक्ष्य छ। अब हेरौँ, के हुन्छ', उनले भने।

धरानका युवाका लागि भने साइक्लिङको उद्देश्य र अनुभव फरकफरक छन्। कसैले साथीहरूसँग सुरु गरेको यो यात्रा खेलकुदसम्म पु¥याएका छन् भने कसैले दैनिक आवतजावत, स्वास्थ्य र मनोरञ्जनसँग जोडेर निरन्तरता दिएका छन्। धरान–१२ का अमित श्रेष्ठका लागि साइक्लिङ स्वास्थ्य, मनोरञ्जन र दैनिक जीवनको महत्वपूर्ण हिस्सा बनेको छ। सडकको बढ्दो व्यस्तता र सवारीसाधनको चापबीच आफूलाई सक्रिय र स्वस्थ राख्ने माध्यमका रूपमा उनले यसलाई अपनाएका छन्। अस्तव्यस्त सडक, सवारीसाधनको चाप र बढ्दो प्रदूषणका बीच आफूलाई गतिशील तथा स्वस्थ राख्ने क्रममा साइकल चलाउन सुरु गरेका युवाहरू धरानमा सयौँ भेटिन्छन्। श्रेष्ठ भन्छन्, 'सुरुमा आवश्यकता जस्तो लागेको साइकल चलाउने कुरा बिस्तारै रहर बन्यो र अहिले अभिन्न जीवनशैली बनेको छ।' उनका अनुसार साइकलमा यात्रा गर्दा गति र प्रकृतिको सामीप्यता महसुस गर्न पाइन्छ। शारीरिक रूपमा यसले ऊर्जावान् र तन्दुरुस्त राख्न ठूलो मद्दत गर्छ। शारीरिक स्वास्थ्यभन्दा ठूलो साइक्लिङको सकारात्मक प्रभाव मानसिक स्वास्थ्यमा पर्छ। साइकल चलाउँदा नयाँ र सकारात्मक विचारहरू आउँछन्। उनले भने, धरान उकालो, ओरालो र प्राकृतिक वातावरण भएको ठाउँ भएकाले साइक्लिङका लागि उपयुक्त रहेको उनको भनाइ छ। सयौँ साइकल यात्री कठिन उकालो पार गर्दै विभिन्न ऐतिहासिक तथा पर्यटकीय गन्तव्यमा पुग्दा देखिने दृश्य उत्साहजनक र गौरवपूर्ण हुन्छ। साइकललाई स्वास्थ्यसँगै आफ्नो भूगोल, प्रकृति र इतिहास बुझ्ने माध्यमका रूपमा पनि लिन सकिन्छ। साइकल यात्राले पर्यटन प्रवद्र्धनमा समेत योगदान पु¥याएको छ। आफ्नो स्वास्थ्यसँगै भूगोल र इतिहासलाई नजिकबाट बुझ्न चाहनेका लागि साइकल उपयुक्त माध्यम बनेको छ। मोरङको केराबारीमा जन्मिएका २४ वर्षीय अनिस तामाङको साइकलसँगको सम्बन्ध भने फरक परिस्थितिबाट सुरु भयो। उनले करिब १२ वर्ष अघिदेखि साइकल चलाउन थालेका हुन्। घरायसी तथा आर्थिक समस्याका कारण कक्षा ८ पछि पढाइ छाड्नुपरेपछि उनी अहिले आफ्नै व्यवसाय सञ्चालन गर्दै आएका छन्। सानै उमेरदेखि साइकल चलाउने इच्छा भएपनि आफ्नै साइकल नभएका उनले त्यसै क्रममा पत्रिका अरूका घरघरमा पु¥याउने काम सुरु गरे। पत्रिका पु¥याएबापत साइकल चलाउन पाइने भएपछि उनको रुचि झनै बढ्यो।

करिब सात–आठ वर्षसम्म पत्रिका बाँड्ने काम गरेँ। अरूका घरघरमा पत्रिका पु¥याएबापत साइकल चलाउन पाइन्थ्यो। 'साइकल चलाउनकै लागि पनि म पत्रिका बाँड्न जान्थेँ', उनले भने। पत्रिका बाँड्दै साइकल चलाउने क्रममा उनले त्यसका भिडियो बनाएर युट्युबमा राख्नसमेत थाले। पछि आफ्नै साइकल किनेपछि उनी साथीहरूसँग विभिन्न स्थानमा यात्रा गर्न थाले। धरानबाट सिक्किम हुँदै दिल्लीसम्म साइकल यात्रा गरेका तामाङले दिनमा एक सयदेखि दुई सय किलोमिटरसम्म साइकलमा यात्रा गरेको अनुभव सुनाए। उनले भने, 'दिल्ली पुग्न १९ दिन लागेको थियो। त्यो यात्रा सहज भने थिएन तर साथीभाइ समूहमा भएकाले यात्राले नयाँ अनुभव गरायो।' साइकल चलाउने क्रममा तामाङ विभिन्न साइक्लिङ तथा माउन्टेन बाइकिङ प्रतियोगितामा समेत सहभागी भइसकेका छन्। केही वर्षअघि धरानको पञ्चकन्यामा आयोजित प्रतियोगितामा सहभागी भएर उहाँले जुनियर क्याटेगोरीमा तेस्रो स्थान हासिल गर्दै कास्य पदक प्राप्त गरेका थिए।

तीन वर्षअघि साइकल चलाउँदै भिडियो बनाउने क्रममा काठमाडौँ पुगेका तामाङ नगरकोटमा आयोजित 'एसियन इन्डो रोड सिरिज' मा सहभागी भए। उक्त प्रतियोगितामा उनले दोस्रो स्थान हासिल गरेका थिए। साथै, उनले नेपालका विभिन्न स्थानमा आयोजित कार्यक्रमहरूमा समेत सहभागिता जनाइसकेका छन्। धरान–१० का विजय श्रेष्ठ विगत १५ वर्षदेखि साइक्लिङलाई आफ्नो दैनिकी र रुचिको विषय बनाउँदै आएका छन्। उनी धरान बजारदेखि भेडेटार, चिन्डे डाँडा, चतरा, बराहक्षेत्रलगायतका स्थानलाई रुट बनाएर बिहान र बेलुकाको समयमा साथीभाइसँग समूहमा साइक्लिङ निस्कन्छन्। श्रेष्ठले भारतको दार्जिलिङ र सिक्किमसम्म साइकल यात्रा गरिसकेका छन्। साथै, नेपालका पर्सा, नेपालगञ्ज, चितवन, पोखरा, बागलुङ, गुफापोखरी, लुम्बिनीलगायत विभिन्न स्थानमा आयोजना हुने कार्यक्रमहरूमा समेत सहभागी हुँदै आएको बताए। साइक्लिङलाई मनोरञ्जनका लागि मात्र नभएर मुख्य रूपमा रेस र इभेन्ट गरी दुई विधामा हेर्न सकिन्छ। रेस प्रतिस्पर्धात्मक हुन्छ भने इभेन्टमा नयाँ ठाउँ घुम्ने, नयाँ मानिससँग चिनजान गर्ने र रमाइलो गर्ने अवसर मिल्छ। 'साइक्लिङ भनेको साइकल चलाएर मनोरञ्जन लिनु मात्र होइन, यसले शरीरलाई स्वस्थ राख्नुका साथै नयाँ ठाउँ र मानिससँग जोडिने अवसर पनि दिन्छ', उनले भने।

पछिल्लो समय धरानमा युवाहरू साइक्लिङलाई सोख र मनोरञ्जनमा मात्र सीमित नराखी पर्यटन र रोजगारीसँग समेत जोडिन थालेको श्रेष्ठको भनाइ छ। धरान आउने पर्यटकलाई स्थानीय साइकलिस्टले गाइडका रूपमा विभिन्न गन्तव्यमा घुमाउन थालेका छन्। धरान–११ का दीपक जिमीले दाइको प्रेरणाबाट साइकल चलाउन सुरु गरेका थिए। दाइले साइकल चलाएको देखेपछि उनलाई पनि रहर जाग्यो। त्यसपछि साइकल किनेर चलाउन थालेका जिमीको रुचि बढ्दै गएपछि अहिले उनी साइकल गाइडसमेत बनेका छन्। सानै उमेरदेखि साइक्लिङ प्रतियोगितामा सहभागी हुँदै आएका जिमीले प्रतियोगितामा प्रायः दोस्रो र तेस्रो स्थान हासिल गर्ने गरेको बताउँछन्। अहिले उनी विदेशबाट नेपाल आउने पर्यटकलाई विभिन्न रमणीय स्थानमा साइकलमार्फत घुमाउँदै गाइडको काम गर्दै आयआर्जनसमेत गर्दै आएका छन्। धरानका सडक तथा आसपासका क्षेत्रमा साइकल चलाउने युवाको संख्या बढ्दो छ। स्वास्थ्य, मनोरञ्जन तथा पर्यटनसँग जोडिएर युवाहरू यसतर्फ आकर्षित हुन थालेका छन्।

धरानमा साइक्लिस्ट युवालाई प्रोत्साहन गर्ने उद्देश्यले हरेक वर्ष पेड्लर्स धरानको आयोजनामा 'कोरा राइड' साइक्लिङ च्यालेन्ज हुँदै आएको छ। यस कार्यक्रमले साइकल चलाउने युवालाई प्रोत्साहन गर्नुका साथै दक्ष साइक्लिस्ट उत्पादनमा समेत सहयोग पुग्ने पेड्लर्सका अध्यक्ष किसान मास्केले बताए। उक्त कार्यक्रममा विभिन्न ठाउँबाट तीन सयभन्दा बढी साइक्लिस्टहरू सहभागी हुने गरेका छन्। बालबालिकादेखि विभिन्न उमेर समूहका व्यक्तिको सहभागिता रहने भएकाले पछिल्लो समय साइक्लिङप्रति युवाहरूको थप आकर्षण बढ्दै गएको उनको भनाइ छ। सन् २०१७ देखि धरानमा सुरु भएको कोरा राइड च्यालेन्ज २०२४ देखि भने पेड्लर्स धरानमार्फत साइक्लिस्टहरूलाई सङ्गठित रूपमा आह्वान गरी सञ्चालन गर्न थालिएको मास्केले बताए। साइक्लिङले शारीरिक स्वास्थ्य राम्रो राख्नुका साथै मानसिक तनाव कम गर्न पनि सहयोग गर्ने उनको भनाइ छ। छोटो दूरीको यात्रामा मोटरसाइकलको सट्टा साइकल प्रयोग गर्दा स्वास्थ्यका लागि फाइदा हुने उनी बताउँछन्।

साइक्लिङमार्फत धरानका विभिन्न मठ, मन्दिर, धार्मिक तथा पर्यटकीय स्थलको परिक्रमा गरिनुका साथै धरान तथा आसपासका क्षेत्रको प्रवद्र्धनमा समेत सहयोग पुग्ने उनको भनाइ छ। धरानमा साइक्लिङका लागि छुट्टै साइकल लेनको अभाव भने मुख्य चुनौतीका रूपमा रहेको छ। साइक्लिस्टका लागि सुरक्षित र व्यवस्थित साइकल लेन निर्माणमा सरकारको सहयोग आवश्यक रहेको उनको भनाइ छ। सुरक्षित साइकल लेन तथा आवश्यक पूर्वाधार निर्माण गर्न सके धरानमा साइक्लिङलाई थप व्यवस्थित बनाउन सकिने उनले बताए। साइक्लिङलाई पर्यटनसँग जोडेर आयआर्जनको माध्यम बनाउन सकिने सम्भावना रहेको मास्केको भनाइ छ। साइकलमार्फत धरानका धार्मिक तथा पर्यटकीय स्थलको चिनारी गराउँदै पर्यटन संस्कृतिको विकास गर्ने उद्देश्यले समेत कोरा राइड च्यालेन्ज आयोजना हुँदै आएको उनले बताए। धरानमा बजार क्षेत्रदेखि भेडेटार, निडे डाँडा, कार्कीछाप, पानवारी, दानाबारी, सेउतीलगायतका स्थानसम्म विभिन्न रुटमा साइक्लिङ गर्न सकिन्छ। प्राकृतिक तथा भौगोलिक विविधताले भरिएको धरानमा सुरक्षित पूर्वाधार विस्तार गर्न सके साइक्लिङलाई स्वास्थ्य र मनोरञ्जनसँगै पर्यटन तथा आयआर्जनसँग जोड्न सकिन्छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# महोत्तरीका किसान ओल खन्न व्यस्त



**मधेशदृष्टि**
**महोत्तरी।**

चाडपर्व सुरु हुनै लाग्दा महोत्तरीका ओल किसानको व्यस्तता बढेको छ। दसैँ, तिहार र छठ नजिकिँदै गएपछि किसान अहिले ओल खन्ने र भण्डारण गर्ने काममा जुटेका छन् । माटोमुनि फल्ने ओल खनेर राखेपछि महिनौँसम्म ताजा रहने भएकाले किसानले चाडपर्वलाई लक्षित गरेर अहिले नै उत्पादन संकलन गर्न थालेका हुन् । भङ्गाहा–४ रामनगरका किसान रामसागर यादव अहिले खेतीपातीको अन्य कामको चाप कम भएकाले ओल खन्ने काममा लागेको बताउँछन्।

"अहिले खेतीपातीको अन्य धपेडी छैन । नवरात्र लागेपछि चाडपर्वको तयारीमा लाग्नुपर्छ। त्यसैले ओल खन्न लागेका छौँ," यादवले भने, "अहिले खनेर राखे दसैँ, दीपावली र छठका बेला बजार पुऱ्याउने काममात्र रहन्छ।" यादवसँगै उनका छिमेकी हशन कवारी, चन्देश्वर राय दनुवार र उपेन्द्र यादव पनि ओल खन्ने तयारीमा छन् । मधेसमा ओललाई परम्परागत रूपमा महँगो तरकारीका रूपमा लिइन्छ । अन्य तरकारीको तुलनामा यसको मूल्य राम्रो पाइने र उत्पादनसमेत राम्रो हुने भएकाले महोत्तरीका किसान ओलखेतीतर्फ आकर्षित हुँदै आएका छन्।

जिल्लाका भङ्गाहा, बर्दिबास र गौशाला नगर क्षेत्रका विभिन्न बस्तीमा ओलखेती गरिएको छ। बलवा नगरपालिका–१० धमौरा, लोहारपट्टी तथा मटिहानी नगरपालिकाका अधिकांश बस्तीका किसानले समेत ओल लगाएका छन् । बलवा–१० धमौराका किसान नविजान कवारीका अनुसार ओल बिक्रीका लागि किसानले धेरै समस्या भोग्नुपर्दैन। व्यापारीहरू घरमै आउने गरेको र बजार पुऱ्याएपछि पनि सहजै बिक्री हुने गरेको उनले बताए। "व्यापारी घरमा आउने गरेका छन्। नआए पनि बजार पुऱ्याएपछि बिक्री भइहाल्छ," कवारीले भने, "राम्रो भाउ पाउने बेला पारेर बेच्न सकिन्छ।"

स्थानीय किसानका अनुसार एक कठ्ठा जमिनमा १० क्विन्टलसम्म ओल उत्पादन हुने गरेको छ । ओलबाट तरकारी, चटनी, अचार र तरुवा बनाइन्छ। मधेसमा यी परिकार लोकप्रिय छन्। पहिले रैथाने ओल सीमित परिवारको भान्सामा पुग्ने गरेको थियो। अन्य तरकारीभन्दा महँगो भएकाले ओललाई हुनेखाने परिवारले खाने तरकारीका रूपमा लिइन्थ्यो । अहिले यसको बजार विस्तार भए पनि महोत्तरीमा ओलखेती अझै व्यावसायिक रूपमा अघि बढ्न सकेको छैन । भङ्गाहा गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष कार्कीका अनुसार किसानले ओललाई मुख्य बालीका रूपमा अझै स्वीकार गरिसकेका छैनन् । किसानले व्यावसायिक रूपमा ओलखेती गर्न चासो देखाए सुलभ मूल्यमा बीउ, प्राविधिक सहयोग र टाढाका बजारसँग आवश्यक समन्वयको व्यवस्था गर्न कृषि शाखा तयार रहेको उनले बताए।

उनका अनुसार पछिल्ला केही वर्षयता जिल्लामा ओलखेती विस्तारै बढ्दै गएको छ र केही किसान कृषि शाखासँग प्रत्यक्ष सम्पर्कमा आएर खेतीसम्बन्धी सल्लाह लिन थालेका छन् । स्थानीय किसानका अनुसार ओलखेतीका लागि धेरै सिँचाइ आवश्यक पर्दैन। अन्य तरकारी बालीको तुलनामा बढी वर्षा सहन सक्ने भएकाले खेती गर्न सहज छ । गौशाला–१० लक्ष्मीनियाँका किसान लक्ष्मीप्रसाद महतो थोरै लगानी र कम मेहनतमै ओलबाट राम्रो उत्पादन लिन सकिने बताउँछन्। उनका अनुसार अन्य बालीको तुलनामा ओलमा मौसमको प्रभाव पनि कम पर्ने गरेको छ।

बर्दिबास–९ पशुपतिनगरका किसान रामविनोद महतो ओल लामो समयसम्म घरमै भण्डारण गर्न सकिने भएकाले किसानका लागि सहज र आम्दानीका दृष्टिले भरपर्दो बाली भएको बताउँछन्। कृषि कार्यालयका फलफूल विज्ञ तथा सूचना अधिकारी अविरलकुमार महतोका अनुसार दुई वर्षअघिसम्म ओलखेतीबारे खासै चासो नदेखाउने किसान पछिल्लो समय खेतीसम्बन्धी सल्लाह लिन कार्यालयसम्म आउन थालेका छन् । बजार र उत्पादनको सम्भावना देखिएसँगै किसानमा ओलखेतीप्रतिको चासो क्रमशः बढ्दै गएको उनको भनाइ छ।

# मधेशका पत्रकारका लागि चारदिने 'रक्षा संवाददाता अभिमुखीकरण' सुरु



**मधेशदृष्टि**
**महोत्तरी।**

नेपाली सेना र सञ्चारमाध्यमबीचको समन्वय, सहकार्य तथा आपसी समझदारी थप सुदृढ गर्ने उद्देश्यले मधेश प्रदेशका पत्रकारका लागि चारदिने 'रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रम' सुरु भएको छ। श्री मध्यपूर्वी पृतना हेडक्वार्टर बर्दिबासको आयोजनामा सुरु भएको कार्यक्रममा मधेश प्रदेशका विभिन्न सञ्चारमाध्यममा कार्यरत २१ जना सञ्चारकर्मी सहभागी छन् । कार्यक्रमको शुभारम्भ मध्यपूर्वी पृतनाका पृतनापति भुवन केसीले गरेका हुन्।

अभिमुखीकरणमा सहभागी पत्रकारलाई नेपाली सेनाको संगठनात्मक संरचना, जिम्मेवारी, भूमिका तथा विभिन्न गतिविधिबारे जानकारी गराइनेछ । सेनासम्बन्धी समाचार संकलन तथा सम्प्रेषणका क्रममा आवश्यक तथ्य, सूचना र विषयवस्तुलाई सहज तथा जिम्मेवार ढंगले प्रस्तुत गर्ने विषयमा समेत कार्यक्रम केन्द्रित रहने जनाइएको छ।

कार्यक्रम संयोजक प्रमुख सेनानी प्रतिभा थापाका अनुसार नेपाली सेना र पत्रकारबीचको समन्वय तथा आपसी समझदारीलाई थप प्रभावकारी बनाउन अभिमुखीकरण आयोजना गरिएको हो । चारदिने कार्यक्रममा नेपाली सेनाको कार्यक्षेत्र र जिम्मेवारीसँगै विपद् व्यवस्थापन तथा प्रतिक्रिया, समसामयिक विषय र संकटका समयमा सञ्चारमाध्यमको भूमिकालगायत विषयमा प्रस्तुतीकरण तथा अन्तरक्रिया गरिनेछ । अभिमुखीकरणले सुरक्षा निकायका गतिविधि र जिम्मेवारीबारे सञ्चारकर्मीलाई प्रत्यक्ष जानकारी गराउनुका साथै विपद् तथा संकटका समयमा तथ्यमा आधारित र जिम्मेवार समाचार सम्प्रेषणमा सहयोग पुग्ने आयोजकले जनाएको छ।

# ट्रकलाई ओभरटेक गर्दा दुर्घटना: चालकको मृत्यु

**मधेशदृष्टि**
**चितवन।**

चितवनको रत्ननगर नगरपालिका–३ बेल्सीपुलस्थित पूर्व–पश्चिम राजमार्गमा ट्रकलाई ओभरटेक गर्ने क्रममा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ। मंगलबार बिहान करिब १०:३० बजे शान्तिचोकबाट तरकारीचोकतर्फ जाँदै गरेको बा.प्र.०१–००३ क ८७२५ नम्बरको ट्रकलाई सोही दिशातर्फ जाँदै गरेको बा.प्र.०६००८ प ३५६३ नम्बरको मोटरसाइकलले ओभरटेक गर्ने क्रममा ठोक्किएको थियो।

दुर्घटनामा मोटरसाइकल चालक रत्ननगर नगरपालिका–१ बस्ने करिब २० वर्षीय ओशिक अन्सारी गम्भीर घाइते भएका थिए। उनलाई तत्काल उपचारका लागि नयाँ मेडिकल कलेज चितवन लगिएकोमा बिहान ११:०९ बजे चिकित्सकले मृत घोषणा गरेका हुन्।

# एमाले सचिव पोखरेल आज वीरगंज आउँदै

**मधेशदृष्टि**
**वीरगंज।**

नेकपा एमालेका महासचिव शंकर पोखरेल आज वीरगंज आउने भएका छन्।

विजया दशमीको शुभ अवसरमा एमाले क्षेत्रीय समन्वय कमिटी, क्षेत्र नं. ३ को आयोजनामा हुने शुभकामना आदान–प्रदान कार्यक्रमलाई सम्बोधन गर्न महासचिव पोखरेल वीरगंज आउन लागेको एमाले पर्साका अध्यक्ष डा. विश्वम्भर कुमार शर्माले जानकारी दिए।

पकाहा मैनपुर गाउँपालिका वडा न २ मनिकपुरमा बुधबार दिउसो शुभकामना आदान प्रदानमा सो क्षेत्रका एमाले नेता रुपेस पाण्डेले बताए।

सो क्रममा महासचिव पोखरेल मिशन पार्टी जागरण अभियान अन्तर्गत जिल्ला का अगुवा कार्यकर्ता भेलालाई सम्बोधन पनि गर्ने कार्यक्रम रहेको छ।

पार्टीको पछिल्लो निर्णयहरु कार्यान्वयन एव स्थानीय निर्वाचन को तयारी नेकपा एमाले पर्साले सुरु गरिसकेको जिल्ला पार्टी सचिव तथा संगठन विभागका प्रमुख महेश दासले जानकारी गराएका छन्।

# महाराज सागरमा डुबेर पुरुषको मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनकपुरधामस्थित महाराज सागर (दशरथ तलाउ) मा डुबेर एक पुरुषको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार मंगलबार महाराज सागरमा एक पुरुष डुबेको अवस्थामा फेला परेका थिए।

घटनालगत्तै प्रहरीले उद्धार गरी बाहिर निकाले पनि उनको मृत्यु भइसकेको थियो।

मृतकको हालसम्म पहिचान खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए । डीएसपी खनालका अनुसार मृतकको उमेर, ठेगाना र अन्य परिचय खुलाउने प्रयास भइरहेको छ । शव आवश्यक कानुनी प्रक्रिया पूरा गरी पहिचानका लागि राखिएको प्रहरीले जनाएको छ।

मृतकलाई चिन्ने वा उनको परिवारसँग सम्बन्धित व्यक्तिलाई जिल्ला प्रहरी कार्यालय धनुषा वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्न प्रहरीले आग्रह गरेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# वडा सचिवमाथि छानविन

**मधेशदृष्टि**
**रौतहट।**

चन्द्रपुर नगरपालिकाले वडा कार्यालयमा नियमित अनुपस्थित रहेको तथा हाजिरी रजिस्टरमा ओभरराइट गरी उपस्थित देखाएको भनिएको विषयमा वडा सचिवमाथि छानबिन अघि बढाएको छ।

चन्द्रपुर नगरपालिका–१० का वडा सचिव शेख नसरे आलमलाई नगरपालिकाले २४ घण्टाभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएको हो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बद्रीराज ढकालले मंगलवार जारी गरेको पत्रमा वडा सचिव आलमले कार्यालयमा नियमित हाजिर हुनुपर्ने दायित्व पूरा नगरेको र हाजिरी रजिस्टरमा समेत ओभरराइट गरी हाजिर देखाएको उल्लेख गरिएको छ।

# पसलबाट नगद चोरेको आरोपमा पक्राउ

**मधेशदृष्टि**
**सर्लाही।**

सर्लाहीको लालबन्दी नगरपालिका–७ स्थित किराना पसलमा राखिएको १० लाख रुपैयाँ नगद चोरी गरेको आरोपमा प्रहरीले, लालबन्दी–१४ घर भई काठमाडौँ कोटेश्वर बस्दै आएका ३६ वर्षीय हिरालाल ब्लोनलाई पक्राउ गरेको छ । लुकिछिपी बसेको भन्ने सूचनाका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय, टेकुबाट खटिएको प्रहरी टोलीले उनलाई कोठेश्वरबाट पक्राउ गरेको हो। असोज १८ गते बिहान करिब ११ बजे पक्राउ गरेका ब्लोनलाई एक दिन कार्यालयमै राखेर केरकार गर्दा प्रारम्भिक अनुसन्धानमा दोषि देखिएको थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि मंगलावार जिल्ला प्रहरी कार्यालय सर्लाही पठाइएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

# दुर्गा प्रसाईं दुई लाख धरौटीमा रिहा



**मधेशदृष्टि**
**काठमाडौँ।**

मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई जिल्ला अदालत काठमाडौंले दुई लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको छ । जिल्ला न्यायाधीश उमेशप्रसाद लुइँटेलको इजलासले विद्युतीय कारोबारसम्बन्धी कसुरमा चलाइएको मुद्दामा प्रसाईंलाई दुई लाख रुपैयाँ धरौटी बुझाएर रिहा गर्न आदेश दिएको हो । अदालतका सूचना अधिकारी शिव खतिवडाले प्रसाईंलाई धरौटीमा रिहा गर्ने आदेश भएको जानकारी दिए।

विद्युतीय कारोबारसम्बन्धी कसुरमा अनुसन्धानका लागि नेपाल प्रहरीको साइबर ब्युरोले प्रसाईंलाई असार १२ गते पक्राउ गरेको थियो। पक्राउपछि प्रहरीले उनीविरुद्ध विद्युतीय कारोबारसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाउँदै जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको थियो। सोही मुद्दाको सुनुवाइ गर्दै अदालतले मंगलबार प्रसाईंलाई दुई लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको हो । अदालतको आदेशसँगै प्रसाईं धरौटी बुझाएर रिहा हुने भएका छन्।

# प्रभु बैंकका सिइओ शर्मा दुई लाख धरौटी बुझाएर रिहा

**मधेशदृष्टि**
**वीरगंज।**

प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुमन शर्मा दुई लाख रुपैयाँ धरौटी बुझाएर साधारण तारिखमा रिहा भएका छन् । मंगलवार पर्सा जिल्ला अदालत ११ नं. इजलासका न्यायधिश देवीकुमारी चौधरीको एकल इजलासले शर्मालाई २ लाख रुपैयाँ धरौटी राखी साधरण तारेखमा रिह गर्न आदेश दिएको हो।

सो अनुसार शर्मा मंगलवार साँझ धरौटी दाखिला गरि रिहा भएका हुन्। तत्कालिन लक्ष्मी सनराइज बैंकको प्रमुख कर्जा अधिकृत रहेका शर्माले मंगलवार विहान पर्सा जिल्ला अदालतमा आत्म समर्पण गरेका थिए। शर्माविरुद्ध तत्कालीन सनराइज बैंकमा रहँदा कर्जा स्वीकृत गरेर पनि ऋण नदिएको बरु उल्टै धितो लिलाम गरेको आरोप छ। उनीविरुद्ध ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी कसुरमा मुद्दा दर्ता भएको छ । अंजली इन्टरनेशनलकी सञ्चालक निर्मला देवीको जाहेरीका आधारमा शर्मासहित ४ जनाविरुद्ध मुद्दा दायर गरिएको थियो। सोही मुद्दामा पक्राउ पुर्जी जारी भएपछि फरार रहेका शर्माले मंगलबार आत्मसमर्पण पछि रिहा भएका हुन्।

# कतारमा थारु समुदायले मनायो जितिया पर्व, मौलिक संस्कृति र परम्पराको झल्को

**रामएकवाल राम**
**दोहा।**

थारु कल्याणकारिणी सभा (थाकस) च्याप्टर कतारले थारु महिलाहरूको महत्वपूर्ण पर्व जितियाको अवसरमा शुभकामना आदान–प्रदान तथा सांस्कृतिक कार्यक्रम आयोजना गरेको छ। कतारको सनैयास्थित मेस क्याफेको सभा हलमा शुक्रबार आयोजित कार्यक्रममा थारु समुदायका महिला तथा पुरुषहरूको उल्लेख्य सहभागिता रहेको थियो। प्रवासमा रहेर पनि आफ्नो मौलिक संस्कृति, परम्परा र पहिचानलाई निरन्तरता दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ।

जितिया तराई–मधेश क्षेत्रमा विशेष महत्वका साथ मनाइने सांस्कृतिक पर्व हो । आश्विन कृष्णपक्षको सप्तमी, अष्टमी र नवमी गरी तीन दिनसम्म मनाइने यस पर्वमा थारु महिलाहरूले सन्तानको सुख, शान्ति, दीर्घायु र समृद्धिको कामना गर्दै उपवास तथा पूजा गर्ने परम्परा छ। कार्यक्रममा थारु महिलाहरू आफ्ना मौलिक पहिरन तथा परम्परागत गहनामा सजिएर सहभागी भएका थिए। मौलिक पोशाकमा सजिएका महिलाहरूको उपस्थितिले कार्यक्रमस्थलमा थारु संस्कृति र परम्पराको विशेष झल्को दिएको थियो । कार्यक्रममा झाम्टा नृत्यसहित विभिन्न सांस्कृतिक प्रस्तुति समेत प्रस्तुत गरिएको थियो।

कतारमा रहेका थारु समुदायका युवाहरूको सक्रियतामा जातीय पहिचानको संरक्षण, प्रवद्र्धन तथा शैक्षिक, आर्थिक र सामाजिक उत्थानलाई मूल उद्देश्य बनाएर सन् २००८ मा थारु कल्याणकारिणी सभा कतार च्याप्टर स्थापना भएको हो। संस्थाले प्रवासमा रहेका थारु समुदायलाई आफ्नो मौलिक संस्कृति र परम्परासँग जोड्ने गतिविधिलाई निरन्तरता दिँदै आएको छ। कार्यक्रम थाकस कतारको महिला विभाग प्रमुख शर्मिला चौधरीको सभापतित्व तथा नेपाल आदिवासी जनजाति महासंघ कतारकी महिला विभाग संयोजक रबिना मगरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।



कार्यक्रममा नेपाली महिला समाज कतारकी उपाध्यक्ष लिला राई, संस्थाका सभापति भगवती प्रसाद चौधरी, संरक्षक इन्जिनियर सियाराम चौधरी, प्रमुख सल्लाहकार हरि बहादुर महतो, विशेष सल्लाहकार श्यामलाल चौधरी, संस्थापक महामन्त्री तथा पूर्व संरक्षक एवं नेपाल इन्जिनियरिङ एसोसिएसन कतार च्याप्टरका अध्यक्ष इन्जिनियर सिताराम चौधरीलगायत विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता थियो।

कार्यक्रम संयोजक गंगा चौधरी र पूजा चौधरीले स्वागत मन्तव्य राखेका थिए । जितिया पर्वको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वबारे सृजना चौधरीले प्रकाश पारेकी थिइन्। थाकसा कतारका सांस्कृतिक संरक्षक तथा सल्लाहकार अरुणकुमार चौधरीले परम्परागत जितिया कथा वाचन गरेका थिए । गुन्जा चौधरीले सञ्चालन गरेको कार्यक्रममा थारु समुदायका विभिन्न सांस्कृतिक प्रस्तुति प्रस्तुत गरिएको थियो। झाम्टा नृत्यलगायतका मौलिक प्रस्तुतिले कार्यक्रममा सहभागीलाई मनोरञ्जनसँगै आफ्नो संस्कृति र परम्परासँग जोड्ने वातावरण बनाएको थियो।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष तथा महिला विभाग प्रमुख शर्मिला चौधरीले जितिया पर्वको शुभकामना व्यक्त गर्दै कार्यक्रम सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरिन्। प्रवासमा रहेपनि आफ्नो भाषा, भेषभूषा, संस्कार र सांस्कृतिक पहिचानलाई जीवित राख्ने उद्देश्यले आयोजित जितिया कार्यक्रमले कतारमा रहेका थारु समुदायबीचको सांस्कृतिक एकता र मौलिक परम्पराप्रतिको प्रतिबद्धतालाई थप बलियो बनाएको आयोजकको भनाइ छ।

# उच्च शिक्षा सुधारका लागि नीतिगत र ...

रहँदैन।'

'सम्बन्धन बाँडेर र जथाभावी विद्यार्थीको संख्या मात्र बढाएर नतिजा सुधार हुँदैन। त्यसैले शैक्षिक गुणस्तर, सीपमा आधारित प्रविधिमैत्री शिक्षालाई प्राथमिकता दिनुपर्ने खाँचो छ', उनले विश्वविद्यालयको शैक्षिक गुणस्तर सुधार्नुपर्नेमा जोड दिँदै भने, 'विश्वविद्यालयहरूले विद्यार्थीको आकर्षण बढाउन तथा उच्च शिक्षामा विदेशी विद्यार्थीहरूलाई समेत आकर्षण गर्ने किसिमका विशेष प्याकेज कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।'

प्राविधिक शिक्षा र विद्यालय तहको रूपान्तरणबारे बोल्दै मन्त्री पोखरेलले प्रधानमन्त्रीको चाहना अनुरूप मधेशमा विश्वस्तरीय विद्यालयहरूको अवधारणा अघि सारिएको बताए । उनले भने, 'ग्राउन्डले मागेको शिक्षालाई जग मानेर शिक्षा क्षेत्रको विकासमा हामी सक्रिय हुनुपर्छ । मधेश प्रदेशमा माध्यमिक तहसम्मका कम्तीमा १०० वटा विश्वस्तरीय विद्यालयहरू निर्माण वा रूपान्तरण गर्ने गरी भूगोल, जनसंख्या र विद्यार्थी–शिक्षक अनुपातलाई ध्यान दिएर काम गरिरहेका छौँ।' सिटिइभिटी र नर्सिङ शिक्षामा देखिएका भ्रम तथा समस्याहरूको चर्चा गर्दै उनले भारतमा कक्षा १० पछि नर्सिङ मान्यता नभएको यथार्थ स्पष्ट पारे। र नेपालमा यसको कोटा तथा सम्बन्धनसम्बन्धी समस्याहरू नयाँ नेतृत्व र बन्ने नयाँ ऐनमार्फत छिट्टै समाधान हुने विश्वास दिलाए। पाठ्यक्रम र नीति निर्माणको प्रक्रियाबारे स्पष्ट पार्दै मन्त्री पोखरेलले भने, 'हामीले केवल ऐन र कागजात पुऱ्याउनका लागि मात्रै कानुन ल्याउने होइन, पुरानै परिपाटीलाई फेरेर वास्तविक समस्याको नीतिगत समाधान खोज्नुपर्छ। मुगुको आवश्यकता र बाराको आवश्यकता फरक हुन्छ, त्यसैले स्थानीय बजार, संस्कृति र समाजको रूपान्तरण खोज्ने खालको पाठ्यक्रम बन्नुपर्छ ।' रासस

## सहरीकरण बढ्यो, पूर्वाधार पुगेन:

# नयाँ बस्तीमा सडक र ढलको समस्या



**मधेशदृष्टि**
**जनकपुरधाम।**
कुनै पनि क्षेत्रमा सहरीकरण विस्तार हुँदै जाँदा त्यससँगै सडक, बिजुली, खानेपानी, ढल निकासलगायतका आधारभूत पूर्वाधार विकास हुनु आवश्यक हुन्छ । तर, मधेश प्रदेशको राजधानी जनकपुरधाममा सहरीकरण तीव्र रूपमा बढे पनि नयाँ विस्तार भएका बस्तीमा आवश्यक पूर्वाधार पुग्न सकेको छैन । जनकपुरधाम उपमहानगरपालिका–१२ कटैया चौरीमा बसोबास गर्नेहरूलाई घरबाट बाहिर निस्किँदा हिलो र पानीबाट जोगिन बुट लगाउनुपर्ने अवस्था छ। यो समस्या एक वर्ष वा दुई वर्षदेखिको होइन, पछिल्लो पाँच वर्षदेखि स्थानीयले सडक र ढल निकासको समस्या झेल्दै आएका छन्।

करिब १० वर्षअघि कच्ची बाटो भएको क्षेत्रमा जग्गा खरिद गरेर घर बनाएका स्थानीयले अहिलेसम्म पक्की सडक र व्यवस्थित ढल निकासको सुविधा पाउन सकेका छैनन् । बस्तीमा विद्युत् पुगे पनि सडकको अवस्था खराब हुँदा घरबाहिर निस्किनै समस्या हुने गरेको स्थानीय बताउँछन् । स्थानीय सुनिताकुमारी यादव वर्षायाममा झन् समस्या हुने बताउँछिन् । उनका अनुसार रातिको समयमा हिँडडुल गर्न कठिन हुने र पानी पर्दा घरभित्रका सामानसमेत जोगाएर राख्नुपर्ने अवस्था आउँछ।

“रातिको समयमा समस्या नै हुन्छ । वर्षातको समयमा सामानहरू जोहो गरेर राख्नुपर्छ । साथीभाइले हेला गरेको छ भने सहरमा बसेको अनुभूति नै गर्न सकेका छैनौँ,” यादवले भनिन् । जनकपुरधाम उपमहानगरपालिका–१९ को ५२ बिघा क्षेत्र पनि पछिल्लो समय विस्तारै सहरी बस्तीमा परिणत हुँदै गएको छ । तर, बस्ती विस्तार हुन थालेको पाँच वर्ष पुग्न लाग्दा पनि यहाँका सडक पक्की भएका छैनन् । सडकको अवस्था यस्तो छ कि मोटरसाइकल चलाउनसमेत कठिन हुने गरेको स्थानीयको गुनासो छ।

सडक निर्माणका लागि उपमहानगरपालिकामा पटकपटक आग्रह गरे पनि सुनुवाइ नभएको स्थानीय बताउँछन् । स्थानीय उदगार पण्डितले सडकको समस्या समाधानका लागि आफूले समेत व्यक्तिगत खर्चमा ग्राभेल हाल्नुपरेको बताए । “घर बनाएको पाँच वर्ष भयो । बाटो नहुँदा धेरै समस्या छ । चार हजार रुपैयाँको ग्राभेल आफैँ किनेर हालेको छु । कहिलेकाहीँ यस्तो अवस्था आउँछ कि घरभन्दा परै मोटरसाइकल राख्नुपर्छ,” पण्डितले भने।

जनकपुरधाम उपमहानगरपालिकाभित्र नयाँ बस्तीका सडक मात्र होइन, पुराना तथा मुख्य आवागमन हुने सडकसमेत लामो समयदेखि अलपत्र छन् । विद्यापति स्मारकदेखि राजर्षि जनक क्याम्पस जाने सडक, रेलवे स्टेसनदेखि वकिल टोल जाने सडक, मोनाष्टिक स्कुलदेखि कपिलेश्वर जाने सडकलगायत दर्जनौँ सडकको अवस्था जीर्ण छ । सहरी बस्ती विस्तार हुँदै गए पनि व्यवस्थित ढल निकासको योजना भने प्राथमिकतामा पर्न सकेको छैन । वर्षायाममा सडकमा जम्ने पानी र हिलोले स्थानीयको दैनिक आवागमन प्रभावित हुने गरेको छ।

मधेश प्रदेशको राजधानी बनेपछि जनकपुरधाममा जनघनत्व पनि निरन्तर बढिरहेको छ । धनुषाका विभिन्न पालिकाका साथै महोत्तरीलगायत आसपासका जिल्लाबाट जनकपुरधाममा बसाइँ सर्ने क्रम बढेसँगै नयाँ बस्ती विस्तार भइरहेका छन्।

पछिल्ला तीनवटा राष्ट्रिय जनगणनाको तथ्यांकले पनि जनकपुरधामको जनसंख्या तीव्र रूपमा बढेको देखाउँछ। २०५८ सालमा करिब ९३ हजार रहेको जनकपुरधामको जनसंख्या २०७८ सालमा आइपुग्दा १ लाख ९४ हजार पुगेको छ । तर, जनसंख्या र बस्ती विस्तारको अनुपातमा सहरी पूर्वाधार विकास हुन सकेको छैन । विभिन्न क्षेत्रमा प्लटिङ गरेर कच्ची बाटो खोली जग्गा बिक्री गर्ने क्रम बढे पनि बस्ती विकास भएपछि आवश्यक पर्ने सडक, ढल निकास, खानेपानी र अन्य पूर्वाधारको दीर्घकालीन योजना बनाउनेतर्फ पर्याप्त ध्यान पुग्न सकेको छैन।

बस्ती विस्तारसँगै पूर्वाधारको योजना नबनाउँदा अहिले नयाँ बस्तीका बासिन्दा आधारभूत सहरी सुविधाबाटै वञ्चित हुनुपर्ने अवस्था देखिएको छ । जनकपुरधाममा सहरीकरणको गति बढिरहँदा त्यसअनुसार सडक, ढल निकास र अन्य पूर्वाधारको विकास गर्न नसकिए नयाँ बस्तीका लागि ‘सहर’ नाम मात्रैको हुने स्थानीयको अनुभव छ।

# अचेत भेटिएका पुरुषको उपचारका क्रममा मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिका–८ स्थित रामानन्द चोकमा अचेत अवस्थामा भेटिएका एक पुरुषको उपचारका क्रममा मृत्यु भएको छ। प्रहरीका अनुसार बुधबार बिहान करिब ११:४० बजे रामानन्द चोकमा करिब ३५÷३६ वर्षीय पुरुष अचेत अवस्थामा लडिरहेको अवस्थामा भेटिएका थिए।

घटनाबारे सूचना पाएलगत्तै प्रहरी टोली घटनास्थलमा पुगेको थियो। प्रहरीले तत्काल उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पु¥याएको थियो । अस्पतालमा चिकित्सकले जाँच गर्दा ती पुरुषलाई दिउँसो करिब १२ बजे मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

मृतकको नाम, थर र वतन हालसम्म खुल्न सकेको छैन। शव प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ । मृतकको पहिचान तथा घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# उच्च शिक्षा सुधारका लागि नीतिगत र संरचनागत सुधारको काम तीव्र गतिमा: शिक्षामन्त्री



**सिमरा।**
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले उच्च शिक्षा सुधारका लागि नीतिगत र संरचनागत सुधारको काम तीव्र गतिमा भइरहेको बताएका छन् । शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा सिमरामा आयोजित उच्चस्तरीय संवाद कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पोखरेलले नयाँ ऐन निर्माणसँगै राष्ट्रिय पाठ्यक्रम प्रारूपको कामलाई पनि सँगसँगै अघि बढाइएको स्पष्ट पारे । मधेश प्रदेशको शैक्षिक अवस्थालाई विशेष रूपमा इङ्कित गर्दै मन्त्री पोखरेलले भने, ‘मधेश प्रदेशमा शिक्षा निकै पछि परेको सन्दर्भमा ग्राउन्डको वास्तविक आवाजले सुधारमा ठूलो सहयोग पुग्छ । हामी अहिले नीतिगत सुधारमा सक्रिय रूपमा काम गरिरहेका छौँ, नयाँ ऐन निर्माण, पाठ्यक्रम प्रारूप परिमार्जनको चरणमा छौँ तथा सम्पूर्ण विश्वविद्यालयहरूको ऐन निर्माणमा जुटेका छौँ । यहाँबाट आएका सम्पूर्ण रायसुझावलाई आगामी नीतिहरूमा समेटिनेमा हामी पूर्ण विश्वस्त छौँ।’

उनले काठमाडौँको कोठामा मात्र बसेर नीति बनाउँदा स्थानीय आवश्यकता छुट्ने भएकाले जनप्रतिनिधि र सरोकारवालाहरूसँग प्रत्यक्ष संवाद गरेर धरातलीय यथार्थ बुझ्न यो कार्यक्रम महत्वपूर्ण रहेको दोहोऱ्याए । विश्वविद्यालयहरूको सञ्चालन, विस्तार र विशिष्टीकरणको सन्दर्भमा मन्त्री पोखरेलले गम्भीर प्रश्न उठाउँदै भने, ‘धेरै विश्वविद्यालय खोलेर मात्रै हुँदैन, विशिष्टीकृत विश्वविद्यालय बनाउनेतर्फ हाम्रो ध्यान जानुपर्छ । १५ वटा विश्वविद्यालय हुँदा पनि सबैले उही पुराना विषय मात्र पढाउने हो भने विश्वविद्यालय खुल्नुको अर्थ

*बाँकी पृष्ठ ३ मा*

## कमला नदीको पुल निर्माण अन्तिम चरणमा,

# मङ्सिरदेखि सञ्चालनमा ल्याइने



**जनकपुरधाम।**
पूर्व–पश्चिम हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहा जिल्ला जोड्ने कमला नदीको पुल निर्माण अन्तिम चरणमा पुगेको छ। निर्माणाधीन पुललाई आगामी मङ्सिर महिनादेखि सञ्चालनमा ल्याउने गरी काम तीव्र पारिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामले जनाएको छ।

कार्यालय प्रमुख कृष्णकुमार महतोका अनुसार पुलको १० नम्बर पिलर उठाउने काम सम्पन्न भइसकेको छ भने सुपर ढलान भइरहेको छ । पुलको फाउण्डेसनसहित तीनवटा पिलरको सबलीकरण तथा ढलानसमेत अन्तिम चरणमा पुगेको उनले जानकारी दिए।

विसं २०७८ असारमा उद्घाटनको तयारी भइरहेका बेला आएको बाढीले पुलको पिलर भाँचिएपछि पुल जीर्ण अवस्थामा पुगेको थियो। पुल पुनःनिर्माणमा ढिलाइ हुँदा स्थानीयवासीले लामो समयदेखि खोला तर्न डुङ्गाको सहारा लिनुपरेको थियो।

पुल निर्माणमा देखिएका मुख्य समस्या पहिचान गरी आवश्यक सहजीकरण गरेपछि कामले तीव्रता पाएको प्रमुख महतोले बताए । पुलका दुवैतर्फ पुलसम्म पुग्ने सडकमा माटो भर्ने काम सम्पन्न भएपछि मङ्सिरदेखि पुल सञ्चालनमा ल्याउने तयारी भइरहेको उनको भनाइ छ।

कमला पुल निर्माणको ठेक्का विसं २०६८ मा पप्पु–लुम्बिनी जेभीले पाएको थियो । सोही निर्माण कम्पनीले अहिले पुलको पुनःनिर्माणको काम गरिरहेको छ । यसैबीच हुलाकी सडकअन्तर्गत सिरहादेखि सलार्हीसम्मको ४०६ दशमलव ४३ किलोमिटर सडकखण्डमध्ये हालसम्म ३४७ दशमलव ६३ किलोमिटर सडकमा कालोपत्र सम्पन्न भएको छ । उक्त सडकखण्डमा पर्ने २४ वटा पुलको निर्माणसमेत सम्पन्न भइसकेको छ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका सूचना अधिकारी रञ्जितकुमार रायका अनुसार सिरहामा कूल ५७ दशमलव ५२ किलोमिटर सडकखण्डमध्ये २९ दशमलव ९८ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ भने २७ दशमलव ४६ किलोमिटर सडक निर्माणाधीन छ।

त्यस्तै धनुषामा कूल ८९ दशमलव ५२ किलोमिटरमध्ये ७४ दशमलव ५८ किलोमिटर सडक निर्माण सम्पन्न भएको र १४ दशमलव ९४ किलोमिटर निर्माणाधीन रहेको छ । महोत्तरीमा कुल ९३ दशमलव ५ किलोमिटरमध्ये ९१ दशमलव ५६ किलोमिटर सडक निर्माण सम्पन्न भइसकेको छ भने एक दशमलव ९४ किलोमिटर बाँकी छ । सर्लाहीमा कूल १६६ दशमलव २ किलोमिटर सडकखण्डमध्ये १५१ दशमलव ५१ किलोमिटर सडक निर्माण सम्पन्न भएको र १४ दशमलव ५१ किलोमिटर सडक निर्माणाधीन रहेको सूचना अधिकारी रायले जानकारी दिए।

आर्थिक वर्ष २०८२/८३ भित्रै हुलाकी सडक निर्माण सम्पन्न गर्ने लक्ष्य रहे पनि राजमार्गभित्र परेका घरटहरा हटाउन ढिलाइ, विभिन्न स्थानमा जग्गासम्बन्धी विवादलगायत कारणले केही काम प्रभावित भएको कार्यालय प्रमुख महतोले बताउनुभयो । बाँकी काम समयमै सम्पन्न गर्न निरन्तर प्रयास भइरहेको उनको भनाइ छ । नेपालकै पुराना राजमार्गमध्ये एक मानिने पूर्व–पश्चिम हुलाकी सडकअन्तर्गत मधेस प्रदेशका आठवटै जिल्लामा सडक तथा पुल निर्माण तीव्र रूपमा अघि बढेपछि विगतमा दुर्गम मानिएका ग्रामीण क्षेत्र अहिले क्रमशः सहज सडक सञ्जालसँग जोडिँदै गएका छन्।

हुलाकी सडक निर्माणले स्थानीय बासिन्दाको आवागमन सहज हुनुका साथै मधेस प्रदेशको आर्थिक गतिविधि र विकासले गति लिने तथा हजारौँ युवाका लागि रोजगारीका अवसर सिर्जना हुने अपेक्षा गरिएको छ। रासस

## दुई लाख बढी नगदसहित

# जुवा खालबाट पाँच पक्राउ

**सुनसरी।**
इटहरी उपमहानगरपालिका–१७ स्थित एक घरमा जुवा खेलिरहेको अवस्थामा पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ। जुवा खेलिरहेको भन्ने सूचनाका आधारमा इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरी टोलीले आज इटहरी–१७ का शेलिस शेर्पाको घरबाट उनीहरूलाई पक्राउ गरेको हो। प्रहरीले जुवा खालबाट एक बुङ तास र नगद रु दुई लाख ३१ हजार १७० बरामद गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए।

पक्राउ पर्नेमा धादिङ ज्वालामुखी गाउँपालिका–२ का २७ वर्षीय नारायण श्रेष्ठ, सुनसरीको रामधुनी नगरपालिका–१ का ३६ वर्षीय प्रेम विक, सोही ठाउँका ४७ वर्षीय गौरीशङ्कर लुइँटेल, ४२ वर्षीय महेशलाल धामी र इटहरी उपमहानगरपालिका–१७ का ४३ वर्षीय लोकबन्धु कार्की रहेका छन्। पक्राउ परेका पाँचै जनालाई इलाका प्रहरी कार्यालय पकलीमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ। रासस






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–